' कृषि, पर्यटन र पुर्वाधार, सम्वृद्ध मिक्लाजुङको आधार "

स्थानीय सरकार

मिक्लाजुङ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

रवि, पाँचथर

कोशी प्रदेश, नेपाल

प.सं. : २०८२/०८३ मिति : २०८२/११/२७

च.नं. :

## न्यूनतम रोजगारीमा संलग्न हुनका लागि निवेदन दिने सम्वन्धी सूचना !!!

रोजगारीको हक सम्बन्धी ऐन २०७५ को दफा ११, रोजगारीको हक सम्बन्धी नियमावली २०७५ को नियम ७ तथा **राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम निर्देशिका २०८२** को दफा १५ र १७ प्रयोजनको लागि र **"श्रमको सम्मान, राष्ट्रको अभियान"** सम्बन्धी रणनीति २०७८ अनुसार **"न्यूनतम रोजगार, नागरिकको अधिकार"** भन्ने मुल नाराका साथ आ. व. ०८३/८४ मा मिक्लाजुङ गाउँपालिका अन्तर्गत रोजगार सेवा केन्द्रको समन्वयमा प्रदान गरिने १०० दिनको न्यूनतम रोजगारी मार्फत सार्वजनिक विकास निर्माणमा योगदान गर्न इच्छुक वेरोजगार व्याक्तिहरुले २०८२ चैत्र ३० गतेसम्ममा तपशिलमा उल्लेखित कागजात संलग्न गरी आफ्नो स्थायी वसोबास रहेको वडा कार्यालयमा निवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ।

आवेदन फारम सम्वन्धित वडा कार्यालयमा उपलब्ध हुनेछ। आवेदन फारममा उल्लेख भएका विवरणहरु पुर्ण रुपमा भर्नु पर्नेछ उल्लेखित विवरण पुर्ण नभरिएमा वा तोकिएको आवश्यक कागजातहरु पेश नगरेमा उक्त आवेदनहरु रद्ध गरिने समेत यसै सूचना मार्फत जानकारी गराईन्छ।

**आवश्यक कागजातहरु:**

१. सम्बन्धित व्यक्तिको नागरिकता प्रमाणपत्रको प्रतिलिपि-१ प्रति
२. सम्बन्धित व्यक्तिको हालसालै खिचेको पासपोर्ट साइजको फोटो-१ प्रति
३. सम्बन्धित व्यक्तिको एकाघर परिवारका सबै सदस्यहरुको नागरिकता प्रमाणपत्रको प्रतिलिपि वा जन्म दर्ताको प्रमाणपत्रको प्रतिलिपि – एक /एक प्रति
४. सम्बन्धित व्यक्तिले कुनै किसिमको सीपमूलक तालिम लिएको भए उक्त तालिमको प्रमाणपत्रको प्रतिलिपि-एक प्रति
५. आवेदन गर्ने व्यक्ति वा परिवारमा अपाङ्गता भएका सदस्य भएमा अपाङ्गताको परिचय-पत्रको प्रतिलिपि
६. सम्बन्धित व्यक्ति बैदेशिक रोजगारीबाट फर्किएको वा श्रम स्वीकृति लिई रोजगारीमा जान नपाएको भएमा उक्त व्यहोरा खुल्ने कागजातको प्रतिलिपि

दुर्ग प्रसाद लिम्बू
(रोजगार संयोजक)

सन्तोष श्रेष्ठ
(प्रमुख प्रशासकीय अधिकृत)

बेवसाइट: www.miklajungmunpanchthar.gov.np इमेल: miklajungrm2073@gmail.com सम्पर्क नं. ०२४-४१२११५